# बी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल

## भरतपुर, चितवन, नेपाल

पो.बक्स नं. ३४, फोन नं. ०५६-५९४५०१, फ्याक्स नं. ०५६-५२३७४७, वेभसाइटः www.bpkmch.org.np

प.सं. ....२०८१/२०८२

चलानी नं. ३६९

मितिः २०८१/०४ /३२

## Clinical Fellowship कार्यक्रममा विद्यार्थी भर्ना सम्बन्धी सूचना

यस अस्पतालले शैक्षिक वर्ष ०८१/०८२ (2024) को लागि नेपाल मेडिकल काउन्सिलबाट स्विकृती प्राप्त Clinical Fellowship कार्यक्रमको चौथो व्याचमा तपशिल बमोजिमका विषयहरूमा विद्यार्थी भर्नाका लागि यो सूचना प्रकाशित गरिएको छ । मान्यता प्राप्त शैक्षिक संस्थाबाट सम्बन्धित विषयमा स्नातकोत्तर (MD/MS) वा सो सरह उत्तीर्ण भई नेपाल मेडिकल काउन्सिलबाट विशेषज्ञ दर्ता प्रमाणपत्र प्राप्त गरि कम्तिमा १ (एक) वर्षको कार्य अनुभव भएका इच्छुक उम्मेदवारहरूले मिति २०८१/०४/३२ देखि २०८१/०५ /३० गते सम्म अस्पतालको Email: fellowships.bpkmch@gmail.com मा तोकिएको फारम भरि तथा माग गरिएका कागजातहरू स्क्यान गरि पठाउनु हुन वा अस्पताल प्रशासनमा कार्यलय समय भित्र दर्ता गराउनु हुन जानकारी गराईन्छ । आवेदन फाराम यस अस्पतालको वेबसाइटः www.bpkmch.org.np बाट download गर्न सकिनेछ । आवेदन शुल्क रू. २०००/-(रू. दुई हजार) मात्र कृषि विकास बैंकमा रहेको यस अस्पतालको खाता नं. ०५०८६०११७३४७२०१२ मा जम्मा गरि भौचर संलग्न गर्नु पर्नेछ । थप जानकारीका लागि अस्पतालको वेबसाइटःwww.bpkmch.org.np वा अस्पतालको प्रशासन शाखामा कार्यलय समय भित्र सम्पर्क गर्न सकिने छ ।

### तपशिल

| S.N. | Subject Name | No. of Seats |
|---|---|---|
| 1. | Clinical Fellowship in Onco-anesthesiology | 1 (One) |
| 2. | Clinical Fellowship in Breast Onco-surgery | 1 (One) |
| 3. | Clinical Fellowship ENT, Head & Neck Onco-surgery | 2 (Two) |
| 4. | Clinical Fellowship in Medical Oncology | 2 (Two) |
| 5. | Clinical Fellowship in Orthopedics Onco-surgery | 1 (One) |
| 6. | Clinical Oncopathology | 2 (Two) |
| 7. | Clinical Fellowship in Uro -Oncosurgery | 1 (One) |
| 8. | Clinical Fellowship in Paediatric Haemato-oncology | 1 (One) |
| 9. | Clinical Fellowship in Oncological Radio Diagnosis | 2 (Two) |

१. भर्नाको लागि अस्पतालले लिने लिखित तथा मौखिक छनौट परिक्षामा सफल हुनु पर्नेछ ।

२. फाराम साथ पेस गनु पर्नेः २.१) कार्यरत रहेको कार्यलयको स्विकृती, २.२) नागरिकताको प्रमाणपत्र, २.३) MD/MS को Transcript/Mark sheet र NMC को दर्ता प्रमाणपत्र, २.४) विदेशी विश्वविद्यालयबाट अध्ययन गरेको भए समकक्षताको प्रमाणपत्र, २.५) MD/MS पछि कम्तिमा १(एक) वर्षको कार्य अनुभवको प्रमाणपत्र र २.६) Sponsored उम्मेदवारको हकमा सम्बन्धित संस्थाको सिफारिस पत्र ।

३. सरकारी वा सरकारी स्वामित्वमा रहेको संस्थाबाट Sponsor गरेको उम्मेदवारलाई विशेष ग्राहयता दिईने छ ।

४. Fellowship कार्यक्रमको लागि भर्ना शुल्क रू. १५०००/- मात्र लाग्ने छ । अस्पतालमा फेलोसिप गर्दा सेवा गरे वापत नेपाल सरकारको नवौं तहको सुरू तलव मान बमोजिमको रकम निर्वाह भत्ता प्रति महिना प्रदान गरिनेछ । साथै नेपाल सरकारको नियमानुसार कर लाग्नेछ ।

५. Fellowship को अवधि १(एक) वर्षको हुनेछ र अस्पतालले तोकेबमोजिमको परिक्षा (लिखित, मौखिक तथा प्रयोगात्मक) उत्तिर्ण गर्नु पर्ने छ ।

६. Fellowship का विद्यार्थीहरूले अस्पतालको नियमानुसार र नेपाल मेडिकल काउन्सीलको Guidelines अनुसार काम गर्नुपर्नेछ । नियम विपरित कुनै किसिमको गतिविधि गरेको देखिएमा Fellowship कार्यक्रमबाट निस्कासन समेत गर्न सकिनेछ ।

७. छनौट परिक्षाको मिति, समय र स्थान पछि सूचनाबाट जानकारी गराईनेछ ।

८. फाराम भर्दा तोकिएको प्रमाणपत्र पेश गर्नु पर्ने छ ।

९. Fellowship कार्यक्रम सम्बन्धी अन्तिम निर्णय शैक्षिक कार्यक्रम संचालन तथा शुल्क व्यवस्थापन निर्देशिका २०८० तथा NMC को Guidelines अनुसार हुनेछ ।

...................

डा. उमेश नेपाल

नि. कार्यकारी निर्देशक